


नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अङ्क ११ | नेपाल राष्ट्र बैंक समाचार | साउन २०७६ | जुलाई-अगस्ट २०१९

# राष्ट्रपति भण्डारीद्वारा केन्द्रीय कार्यालय भवनको शिलान्यास

## "आर्थिक वृद्धि र स्थायित्वमा राष्ट्र बैंकको भूमिका सराहनीय"- राष्ट्रपति

राष्ट्रपति विद्यादेवी भण्डारीले २०७६ असार २३ गते आयोजित एक समारोहकाबीच नेपाल राष्ट्र बैंकको बालुवाटारस्थित केन्द्रीय कार्यालय भवनको शिलान्यास र ताम्रपत्रको अनावरण गर्नुभयो । शिलान्यास समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले उच्च आर्थिक वृद्धि र स्थायित्वका लागि राष्ट्र बैंकको भूमिका सराहनीय रहेको विचार व्यक्त गर्नुभयो। साथै, मुलुकको समग्र वित्तीय प्रणाली र आत्मनिर्भर अर्थतन्त्रको प्रवर्द्धन तथा वित्तीय अनुशासन कायम राख्ने सवालमा समेत राष्ट्र बैंकको भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ थियो ।



राष्ट्रपति भण्डारीले मुलुकको वित्तीय क्षेत्रको उन्नतिको लागि राष्ट्र बैंकले आफ्नो स्थापना कालदेखि नै उल्लेख्य कार्य गर्दै आएको विचार व्यक्त गर्नुभयो । सर्वसाधारणबाट सङ्कलित वचतलाई बैंक तथा वित्तीय संस्थामार्फत कृषि, उद्योग, जलस्रोत, पर्यटन जस्ता उत्पादनशील क्षेत्रमा लगानी बढाएर मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा राष्ट्र बैंकले सहयोग पुऱ्याउने अपेक्षा राष्ट्रपति भण्डारीले राख्नुभयो । साथै, मुलुकका सबै नागरिकमा आधारभूत बैंकिङ सेवाको पहुँच पुऱ्याउनुपर्नेमा उहाँको जोड थियो । राष्ट्र बैंक एउटा स्वायत्त संस्था रहेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले राष्ट्र बैंकले समग्र बैंकिङ प्रणालीलाई चुस्त, दुरुस्त तुल्याइ मुलुकको अर्थतन्त्रलाई सुदृढ राख्न सरकारलाई नियमित सुझाव दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।




समारोहमा अर्थमन्त्री डा. युवराज खतिवडाले संघीय व्यवस्थाको स्थापनासँगै मुलुक आर्थिक, वित्तीय र शासकीय पुनर्निर्माणको चरणमा प्रवेश गरेको चर्चा गर्नुभयो । नगद र वस्तु विनिमयमा आधारित प्रणालीलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औल्याउँदै उहाँले समग्र वित्तीय प्रणालीको सुदृढीकरणको निम्ति अभिभावकीय भूमिका खेल्न राष्ट्र बैंकलाई आग्रह गर्नुभयो ।





नेपाललाई विश्वको निम्ति लगानीको आकर्षक गन्तव्यको रूपमा स्थापित गर्दै लगानीको वातावरण तयार गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । एक दशक यता मुलुक वित्तीय स्थायित्वतर्फ उन्मुख भएको उल्लेख गर्दै अर्थमन्त्री डा. खतिवडाले भन्नुभयो, "नेपालको खराब कर्जा अत्यन्त न्यून छ। जुन दक्षिण एसियाकै सबैभन्दा कम हो ।" राष्ट्र बैंक स्वायत्त संस्था रहेको चर्चा गर्दै अर्थमन्त्री डा. खतिवडाले समग्र बैंकिङ प्रणालीको विकासमा बैंक जवाफदेही हुनुपर्ने सुझाव दिनुभयो ।

समारोहमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण कार्यले गति लिएको उल्लेख गर्दै राष्ट्र बैंकको नयाँ भवन पुनर्निर्माणको क्षेत्रमा कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

समारोहमा गभर्नर डा. चिरंजीबि नेपालले राष्ट्र बैंकको नीतिगत प्रयासको परिणामस्वरूप वित्तीय पहुँच बढ्दै गएको र कृषि, उर्जा, पर्यटन लगायतका क्षेत्रमा कर्जा बढ्दै गएको जानकारी दिनुभयो । आ.व.२०७५/७६ मा ७.०५ प्रतिशतले आर्थिक वृद्धिको अनुमान रहेको उल्लेख गर्दै गभर्नर डा. नेपालले कृषि, उद्योग र सेवा क्षेत्रमा आएको सुधारका कारण आर्थिक वृद्धिदर उच्च रहेको बताउनुभयो ।

भूकम्पले भौतिक संरचनामा क्षति पुगेका कारण बैंकका कामकारवाहीमा कठिनाई भएको उल्लेख गर्दै उहाँले नयाँ संरचना निर्माणपश्चात् बैंकका नियमित कार्यहरू थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । शिलान्यास समारोहअघि गभर्नर डा. नेपालले भवन निर्माणस्थलमा पूजा अर्चना गर्नुभएको थियो ।

शिलान्यास समारोहमा राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, सञ्चालक सुबोधकुमार कर्ण, नेपाल सरकारका पदाधिकारीहरू, यस बैंकका कर्मचारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रनिनिधिहरू, सञ्चारकर्मी लगायतको उपस्थिति थियो । शिलान्यास समारोहको सञ्चालन डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले गर्नुभएको थियो ।

२०७२ वैशाख १२ गतेको महाभूकम्पका कारण बैंकको केन्द्रीय कार्यालय भवन क्षतिग्रस्त भएपछि त्यसलाई भत्काइ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँगको समन्वयमा नयाँ भवन निर्माणको प्रक्रिया अघि बढाइएको हो । यसको निम्ति दुई अर्ब आठ करोड रूपैयाँमा निर्माण सम्पन्न गर्नेगरी २०७५ फागुन २९ गते समानान्तर जेभीसँग भवन निर्माणसम्बन्धी सम्झौता भएको थियो ।

६१ रोपनीभन्दा बढी क्षेत्रफल रहेको बैंक परिसरमा ५,०३२ वर्ग मिटरमा वेसमेन्ट दुई तला र जमीनमाथि चार तलासहितको अत्याधुनिक भवन निर्माण हुने जनाइएको छ । कार्यादेश जारी भएको मितिले ३० महिनाभित्र उक्त भवन निर्माण गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

# गभर्नर डा. नेपाल BIS को वार्षिक बैठकमा

गभर्नर डा. चिरंजीबि नेपाल Bank for International Settlements (BIS) द्वारा जुन २९-३०, २०१९ मा स्विट्जरल्याण्डको बासेलमा आयोजित BIS 89th Annual General Meeting मा सहभागी हुनुभयो ।



उक्त बैठकमा विश्वका करीब १५० मुलुक र विभिन्न संघ संस्थाका प्रतिनिधि गरी करिब २०० जनाको सहभागिता रहेको थियो । बैठकमा BIS को वार्षिक प्रतिवेदनमाथि छलफल हुनुका साथै विश्वका विकसित तथा विकासशील मुलुकहरूमा अवलम्बन गरिएका नीतिगत व्यवस्था र वर्तमान समयमा उक्त व्यवस्थाहरूको सान्दर्भिकताका विषयमा जानकारी गराइएको थियो ।

साथै, बैठकमा Regulatory Convergence: what are the missing pieces?, Monetary Policy Frameworks in EMEs: Inflation Targeting, The exchange Rate and Financial Stability, Big Techs in Finance लगायतका विषयमा वार्ता प्रस्तुती एवम् छलफल भएको थियो । सो अवसरमा नियामक र सुपरिवेक्षकीय निकायबाट सम्पादन हुने कार्यहरू, प्रभावकारी नियमनको

बाँकी पृष्ठ ११ मा

# ‘आर्थिक विकासको निम्ति वित्तीय व्यवस्थापन आवश्यक’

गभर्नर डा. चिरंजीबि नेपालले सबल आर्थिक विकासको निम्ति प्रभावकारी वित्तीय व्यवस्थापन हुनुपर्ने बताउनुभएको छ ।

ग्रोथ सेलर्स प्रा.लि.द्वारा २०७६ असार ११ गते काठमाडौंमा आयोजित "Emerging Issues in Financial System" विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले बैंक तथा वित्तीय संस्थाले आफ्नो वित्तीय व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।



गभर्नर डा. नेपालले कर्जा र निक्षेपबीच सन्तुलन मिलाउन नसक्दा बैंक तथा वित्तीय संस्थाहरू वित्तीय व्यवस्थापनमा चुकेको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, “नेपालमा व्यावसायिक सम्भावनाहरू धेरै छन् । तर वित्तीय व्यवस्थापन गर्न नसक्दा हामी पछि परेका छौं ।” दीर्घकालीन योजनासहित वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो । साथै गभर्नर डा. नेपालले वित्तीय प्रणालीमा प्रविधिको प्रयोगलाई व्यापक बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । “सबल वित्तीय प्रणालीको लागि सूचना प्रविधिको पूर्वाधार बलियो हुनुपर्छ । त्यसैले बैंक तथा वित्तीय संस्थाले सूचना प्रविधिमा लगानी बढाउनैपर्छ ।” समग्र आर्थिक विकासको निम्ति वित्तीय सचेतनाको स्तर समेत सुदृढ हुनुपर्नेमा गभर्नर डा. नेपालले जोड दिनुभएको थियो ।

सो अवसरमा आयोजक ग्रोथ सेलर्सका प्रबन्ध निर्देशक मोहन ओझाले गभर्नर डा. नेपाललाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले "Macroeconomic Perspective of Banking" विषयक कार्यपत्र प्रस्तुत गर्दै आयातको वृद्धि हुनुमा बैंक तथा वित्तीय संस्थाको उच्च कर्जा विस्तार पनि एउटा कारक पक्ष रहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्रा कोषका क्षेत्रीय प्रतिनिधि आन्द्रेश डब्लु बौरले "Banking Crisis and their Repercussions: International Experience" विषयक कार्यपत्र प्रस्तुत गर्दै बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा अर्थशास्त्री, बैंक तथा वित्तीय संस्थाका उच्च अधिकारीहरू, उद्यमी/व्यवसायीहरू लगायतको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबीच बैंकिङ क्षेत्रका विद्यमान मुद्दा र चुनौतीहरूको विषयमा छलफल भएको थियो ।

# शोधनान्तर तथ्याङ्कसम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले शोधनान्तर तथ्याङ्कलाई व्यवस्थित बनाउनको निम्ति प्रस्तावित "International Transaction Reporting System (ITRS)" सम्बन्धमा २०७६ असार ५ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यतामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको समेत उपस्थिति थियो ।



सो अवसरमा गभर्नर डा. नेपालले प्रस्तावित ITRS कार्यान्वयमा आएपछि शोधनान्तर तथ्याङ्कको रिपोर्टिङ थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । शोधनान्तर तथ्याङ्क संकलनका सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा प्रचलित अभ्यास र सूचना तथा सञ्चार प्रविधिलाई समेत आत्मसात् गर्दै नयाँ प्रणाली कार्यान्वयनमा ल्याउन लागिएको जानकारी उहाँले दिनुभयो । साथै, विश्वसनीय र यथार्थ तथ्याङ्क उपलब्ध गराएर प्रस्तावित प्रणालीको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले ITRS को आवश्यकता र महत्वमाथि प्रकाश पार्दै राष्ट्रिय लेखा प्रणाली २००८, मौद्रिक तथा वित्तीय तथ्याङ्क सम्बन्धी निर्देशिका र सरकारको वित्तीय तथ्याङ्क सम्बन्धी निर्देशिकासँग सामञ्जस्य कायम गर्ने उद्देश्यले शोधनान्तर तथ्याङ्क संकलनको नयाँ पद्धति कार्यान्वयन गर्न लागिएको जानकारी दिनुभयो । हाल शोधनान्तर तथ्याङ्क संकलन निर्देशिका, २०६१ बमोजिम तथ्याङ्क संकलन हुँदै आएको छ ।

सो अवसरमा नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले प्रस्तावित निर्देशिका बमोजिम शोधनान्तर तथ्याङ्क संकलन र रिपोर्टिङको निम्ति बैंकिङ क्षेत्र प्रतिबद्ध रहेको धारणा राख्नुभयो । कार्यक्रममा अनुसन्धान विभागका उप-निर्देशक सुशील पौडेलले International Transaction Reporting System (ITRS), 2019 विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा शोधनान्तर तथ्याङ्क संकलन, लेखाङ्कन, रिपोर्टिङ लगायतका विषयवस्तुहरू समेटिएका थिए ।

कार्यक्रममा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत, वित्त र सूचना प्रविधि विभागका प्रमुखहरूको सहभागिता थियो । सो अवसरमा सहभागीहरूबीच ITRS का प्रस्तावित ढाँचाका विषयमा छलफल भएको थियो । अनुसन्धान विभागका उप-निर्देशक खगेश्वर भण्डारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ग्रामीण स्वाबलम्बन कोष साना किसानलाई हस्तान्तरण

नेपाल राष्ट्र बैंकले सञ्चालन गर्दै आएको 'ग्रामीण स्वालम्बन कोष' का कार्यक्रमहरू साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरिएको छ ।

२०७६ असार ३१ गते अर्थ मन्त्रालयमा आयोजित एक समारोहकाबीच अर्थमन्त्री डा. युवराज खतिवडा र गभर्नर डा. चिरंजीबि नेपालको उपस्थितिमा कोषका कार्यक्रमहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई हस्तान्तरण गरिएको हो ।

कोषका कार्यक्रम हस्तान्तरणका क्रममा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडबीच त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतापत्रमा अर्थ मन्त्रालयका सहसचिव मुकुन्दप्रसाद पौड्याल, नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र साना किसान विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवरामप्रसाद कोइरालाले हस्ताक्षर गर्नुभयो । उक्त सम्झौतासँगै कोषका सम्पत्ति, दायित्व र कार्यक्रमहरू २०७६ साउन १ गते देखि लागू हुनेगरी साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा हस्तान्तरण भएको हो ।

समारोहमा अर्थमन्त्री डा. खतिवडाले कोष हस्तान्तरणबाट ग्रामीण क्षेत्रका विपन्न वर्ग लक्षित कर्जा प्रवाहको निम्ति संयन्त्र स्थापित भएको विचार व्यक्त गर्नुभयो । कोषमार्फत परम्परागत सहकारी, फर्म तथा स्थानीय उद्यमशीलता विकास हुनेगरी कर्जा



प्रवाह गर्न साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई आग्रह गर्दै उहाँले उक्त संस्थामार्फत कोषको कार्यक्रम थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा गभर्नर डा. चिरंजीबि नेपालले कोषको हस्तान्तरणसँगै साना किसान विकास लघुवित्तले रु. एक अर्बको पुँजी वित्तीय स्रोतको रूपमा पाएको उल्लेख गर्दै उक्त संस्थामार्फत कोषको स्रोत साधनको सदुपयोग हुने विश्वास व्यक्त गर्नभयो । समारोहमा अर्थ मन्त्रालयका सचिव लालशंकर घिमिरे, डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र साना किसान विकास लघुवित्त वित्तीय संस्थाका अधिकारीहरूको समेत उपस्थिति थियो ।

आर्थिक रूपमा कमजोर र विपन्न वर्गको उत्थानको निम्ति आयमूलक एवम् रोजगारमूलक व्यवसाय सञ्चालन गर्न सहकारी, गैरसरकारी संस्था र लघुवित्त वित्तीय संस्थालाई वित्तीय सहायता उपलब्ध गराउने उद्देश्यले २०४७ फागुनमा ग्रामीण स्वावलम्बन कोषको स्थापना भएको थियो । प्रारम्भमा नेपाल सरकारको रु.५४ करोड र नेपाल राष्ट्र बैंकको रु.२५ करोड ३४ लाख गरी कुल रु.७९ करोड ३४ लाखको पुँजीगत संरचना तयार गरी कोषको कार्यक्रम सञ्चालन गरिएको थियो । हाल ७२ जिल्लाका करिब १,२३९ सहकारी र अन्य संस्थामार्फत ६३,३९६ परिवारमा सहुलियतपूर्ण कर्जा प्रवाह भएको जनाइएको छ ।

ग्रामीण स्वावलम्बन कोषका कार्यक्रमहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सञ्चालन गर्नको निम्ति अर्थ मन्त्रालयले २०७५ फागुन २७ गते 'ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५' स्वीकृत गरेको थियो । सरकारले आ.व. २०७५/७६ को बजेट कार्यक्रममार्फत साना किसान विकास लघुवित्त संस्थाको कृषि कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन यसको संस्थागत सुधार गर्ने घोषणा गरेको थियो । सोही अनुरूप ग्रामीण स्वावलम्बन कोषको कार्यक्रम साना किसान लघुवित्त वित्तीय संस्थालाई हस्तान्तरण गरिएको जानकारी अर्थ मन्त्रालयले दिएको छ ।

# अध्यक्ष सत्यनारायणद्वारा डेपुटी गभर्नर श्रेष्ठसमक्ष सपथ

डेपुटी गभर्नर शिवराज श्रेष्ठले नेपाल एसबीआइ बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष बी.आर.एस.सत्यनारायणलाई २०७६ असार १९ गते पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो ।



नेपाल एसबीआइ बैंक सञ्चालक समितिको सोही दिन बसेको ४३८ औं बैठकले बैंकको संस्थापक शेयरधनी स्टेट बैंक अफ इण्डियाको प्रतिनिधित्व गरी आउनुभएका सत्यनारायणलाई अध्यक्ष पदमा निर्वाचित गरेको थियो । शपथ ग्रहणपछि डेपुटी गभर्नर श्रेष्ठले नवनिर्वाचित अध्यक्ष नारायणलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

शपथ ग्रहण कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु. कार्यकारी निर्देशक नरेन्द्रसिंह विष्ट, का.मु. निर्देशक वीरेन्द्रदत्त अवस्थी, नेपाल एसबीआइ बैंक लिमिटेडका तत्कालीन अध्यक्ष सुजितकुमार बर्मा तथा सञ्चालकहरू बालकृष्ण श्रेष्ठ, केशवराज आचार्य, अर्जुनकुमार गौतम, आरएस रमेश लगायतको उपस्थिति थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी, कार्यकारी प्रमुखले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# निर्यात अनुदान कार्यविधिमा संशोधन

नेपाल सरकारले 'निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५' मा संशोधन गरेको छ। विदेशी विनिमय व्यवस्थापन विभागले २०७६ असार ३० मा परिपत्र जारी गर्दै मन्त्रिपरिषद्बाट २०७६ जेठ २ गते उक्त कार्यविधि संशोधन भएको जानकारी दिएको छ।

संशोधित व्यवस्था अनुसार, कार्यविधिको अनुसूची-१ मा उल्लेखित वस्तुको निर्यात गरेमा कुल निर्यात मूल्यमा पाँच प्रतिशत रकम अनुदान उपलब्ध गराइनेछ। यसअघि ती वस्तुमा तीन प्रतिशत रकम अनुदान दिने व्यवस्था थियो। यसैगरी, कार्यविधिको अनुसूची-२ बमोजिमका वस्तुको निर्यातमा दिइने तीन प्रतिशत अनुदानलाई भने यथावत् राखिएको छ।

उक्त अनुदान प्राप्त गर्नको निम्ति निर्यातकर्ताले निर्यात गरेको वस्तुको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा बैंक दाखिला गरेको प्रमाण वा भारतमा हुने निकासीको हकमा बैंकिङ प्रणालीको माध्यमबाट हुने आर्जित भारतीय मुद्रा बैंक दाखिला गरेको प्रमाण र भन्सार कार्यालयले माल वस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापनपत्र समेत पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

अनुसूची-१ मा उल्लेखित वस्तुहरूको उत्पादनमा देहायको सुत्रका आधारमा मूल्य अभिवृद्धि गणना गर्ने व्यवस्था थप गरिएको छ।

$$\text{Value Addition} = \frac{\text{Export FOB Price - Value of Foreign Originated Material}}{\text{Export FOB Price}} \times 100$$

उक्त सुत्रका आधारमा अनुसूची-१ मा उल्लेखित वस्तुको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा ५० प्रतिशत र अनुसूची-२ को हकमा मूल्य अभिवृद्धि कम्तीमा ३० प्रतिशत भएको हुनुपर्नेछ। सरकारले राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको र मूल्य अभिवृद्धि कम्तीमा ४० प्रतिशत भएको अनुसूची-२ बमोजिमको वस्तु निर्यातमा थप एक प्रतिशत अनुदान रकम उपलब्ध हुने जनाइएको छ।

निर्यातकर्ताले निर्यातसम्बन्धी झुटो विवरण पेश गरेमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सो बमोजिम र सो उल्लेख नभएमा सम्बन्धित आर्थिक वर्षमा प्रदान गरिएको अनुदान रकम र सो अनुदान रकम बराबरको थप जरिवाना लाग्ने व्यवस्था गरिएको छ।

# सेवा शुल्क सम्बन्धी व्यवस्थामा संशोधन

बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा लिने प्रशासनिक, अग्रिम भुक्तानी र प्रतिबद्धता शुल्क सम्बन्धी व्यवस्थामा नेपाल राष्ट्र बैंकले संशोधन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ असार ३० गते इ.प्रा. निर्देशन नं.२१/०७५ को बुँदा नं. ८ र ९ मा संशोधन गर्दै नयाँ व्यवस्था गरेको हो। संशोधित व्यवस्था अनुसार, बैंक तथा वित्तीय संस्थाले कर्जा नीति निर्देशिका तथा कुनै पनि प्रकारको Product Paper मा प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क तथा प्रतिबद्धता शुल्क सम्बन्धी व्यवस्था स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

कर्जा प्रवाह गर्दा लिइने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिबद्धता शुल्क बाहेक कर्जासँग सम्बन्धित सम्पूर्ण शुल्कहरू व्याजदरमा नै प्रतिबिम्बित हुनुपर्ने व्यवस्था गरिएको छ। यसैगरी, त्यस्ता शुल्कको दर, प्रक्रिया र गणना विधिको सम्बन्धमा कर्जा सम्झौतापत्रमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। नयाँ व्यवस्था अनुसार, बैंक तथा वित्तीय संस्थाले एकै प्रकारको कर्जा दिँदा ग्राहकसँग लिने प्रशासनिक, अग्रिम भुक्तानी र प्रतिबद्धता शुल्कमा ०.२५ प्रतिशत बिन्दुभन्दा बढीले फरक पार्न नपाइने भएको छ।

संशोधित व्यवस्था अनुसार, ग्राहकले आफ्नो स्वीकृत कर्जा सीमाको वार्षिक औसत ६० प्रतिशतभन्दा कम रकम उपयोग गरेमा कम हुने रकममा मात्र निश्चित दरमा बैंक तथा वित्तीय संस्थाले प्रतिबद्धता शुल्क लिन सक्नेछन्। तर, यस्तो शुल्क अग्रिम रूपमा लिन पाइने छैन। आवधिक कर्जाको हकमा स्वीकृत कर्जा सीमाभन्दा कम उपयोग गरेको अवस्थामा कम उपयोग गरेको रकममा मात्र एक पटकका लागि प्रतिबद्धता शुल्क लिन सकिने व्यवस्था गरिएको छ। साथै, रु. ५० लाखसम्मको सीमा कायम भएको जुनसुकै प्रकार को कर्जा भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क लिन नपाइने व्यवस्था गरिएको छ।

# मौद्रिक नीति तर्जुमाको सन्दर्भमा पूर्व गभर्नरहरूसँग अन्तरक्रिया

आ.व. २०७६/७७ को मौद्रिक नीति तर्जुमाको लागि सुझाव लिने सिलसिलामा नेपाल राष्ट्र बैंकले २०७६ असार २६ गते पूर्व गभर्नरहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। पूर्व गभर्नरहरूसँग सुझाव लिने उद्देश्यले बैंकले पहिलो पटक यस्तो कार्यक्रम आयोजना गरेको हो।



कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, बैंकका प्रवक्ता एवम् मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.गुणाकर भट्ट र सोही विभागका निर्देशक दीर्घबहादुर रावल उपस्थित हुनुहुन्थ्यो।

सो अवसरमा स्वागत मन्तव्य राख्दै अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. भट्टले देशको वर्तमान आर्थिक तथ्याङ्क/अवस्थाको जानकारी दिनुभयो। कार्यक्रममा पूर्व गभर्नरहरू हिमालयशमशेर जबरा, भेषबहादुर थापा, गणेशबहादुर थापा, तिलकबहादुर रावल, दीपेन्द्रपुरुष ढकाल र विजयनाथ भट्टराईले मौद्रिक नीति तर्जुमाको निम्ति आ-आफ्नो राय/सुझाव दिनुभएको थियो।

# धनगढीमा विदेशी मुद्रा कारोबारसम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक धनगढी, कार्यालयले २०७६ असार २४ गते धनगढीमा विदेशी मुद्रा कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा धनगढीस्थित बैंक तथा वित्तीय संस्था, मनिचेञ्चर र विदेशी मुद्रा कारोवार गर्ने सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपानेले विदेशी विनिमय कारोबार सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले परिवर्त्य र अपरिवर्त्य विदेशी मुद्रा, भारतीय मुद्रा सटही, विदेशी मुद्रा कारोवारको विद्यमान कानूनी व्यवस्था, मुद्रा सटहीका क्रममा आउनसक्ने समस्याको बारेमा जानकारी गराउनुभएको थियो । निर्देशक न्यौपानेले राष्ट्र बैंकले जारी गरेका विदेशी विनिमय सम्बन्धी नीतिगत व्यवस्था र परिपत्रहरूको प्रभावकारी कार्यान्वयनका बारेमा प्रकाश पार्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।



कार्यक्रममा धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले विदेशी मुद्रा कारोबारमा सहज रूपले सेवा दिन वाणिज्य बैंकहरूलाई आग्रह गर्नुभयो । भा.रु. नगद साथमा लिएर भारतको यात्रा गर्दा आउन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्नको लागि कार्डको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा समेत जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक प्रेम चन्द ठकुरीले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

# बासेल-२ सम्बन्धी अनुशिक्षण कार्यक्रम

वित्त कम्पनी सुपरिवेक्षण विभागले २०७६ जेठ २९ गते काठमाडौंमा बासेल-२ सम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा विभागका उच्च अधिकृत र अन्य कर्मचारीसहित इजाजतपत्रप्राप्त 'ग' वर्गका वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।



सो अवसरमा वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदासले आ.व. २०७६/७७ देखि वित्त कम्पनीहरूमा बासेल-२ लागू गर्ने योजना रहेको जानकारी दिंदै त्यसको कार्यान्वयनका निम्ति तयार रहन वित्त कम्पनीहरूलाई निर्देशन दिनुभयो । कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक राजु पौडेलले बासेल-२ सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा विभागका निर्देशक रविन्द्र महर्जनले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । यस्तै, विभागका अर्का निर्देशक विनोदराज आचार्यले वित्त कम्पनीका प्रतिनिधिहरूलाई कार्यक्रममा सहभागिताको निम्ति धन्यवाद दिनुभयो । विभागका उप-निर्देशक सजना शिल्पकारले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा आर्थिक तथा बैंकिङ गतिविधिसम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयले २०७६ असार २० गते 'समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाको संयोजकत्वमा आयोजित कार्यक्रममा नेपालगञ्जस्थित सरकारी निकाय र उद्योग वाणिज्य संघका प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, प्राध्यापक लगायतको सहभागिता थियो । कार्यक्रममा उप-निर्देशक नारायणप्रसाद पोखेलले नेपालको अर्थतन्त्रका वास्तविक, मौद्रिक, वित्तीय, बाह्य तथा बैंकिङ क्षेत्रको पछिल्लो प्रगति विवरण र तिनका चुनौतीहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रमका सहभागीहरूले व्याज दर पारदर्शी नभएको, कर प्रणालीमा अस्पष्टता रहेको, कृषि क्षेत्रको व्यवसायीकरणमा व्यवधान रहेको, सहुलियतपूर्ण कर्जा सजिलै उपलब्ध नभएको लगायतका विषय उठाएका थिए ।



नेपालगञ्ज कार्यालयका निर्देशक एवम् कार्यक्रमका संयोजक मुक्तिनाथ सापकोटाले सहभागीका जिज्ञासाको जवाफ दिंदै तरलता व्यवस्थापनका लागि नयाँ उपकरणहरू प्रयोगमा आएको, स्प्रेड दरमा कटौती भएको, आयात प्रतिस्थापन र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नुपर्ने, सफा नोट नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्ने लगायतका विषयमा चर्चा गर्नुभयो । कार्यालयका सहायक निर्देशक रामचन्द्र भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरामा नोट व्यवस्थापन सम्बन्धी गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले २०७६ असार २० गते 'नोटकोष सञ्चालन, सफानोट नीति, नोट सर्टिङ्ग र शंकास्पद नोट पहिचान तथा नियन्त्रणका लागि चाल्नुपर्ने कदम' विषयक एक दिने गोष्ठी पोखरामा सम्पन्न गरेको छ ।

मुद्रा व्यवस्थापन विभागसँगको समन्वय तथा विभागका निर्देशक किरण पण्डितको प्रमुख आतिथ्य र पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलको अध्यक्षतामा उक्त गोष्ठी आयोजना गरिएको हो । सो अवसरमा पोखरा कार्यालयका उप-निर्देशक बसन्तवहादुर थापाले गोष्ठीको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा निर्देशक किरण पण्डितले नेपाली नोटका सुरक्षण विशेषता, जाली नोटको पहिचान गर्ने विधि, नोटकोष सञ्चालन, सफानोट नीति, नोट सर्टिङ्ग लगायतका विषयसँग सम्बन्धित नीतिगत व्यवस्था र कार्यान्वयन अवस्थाको बारेमा प्रकाश पार्नुभयो । निर्देशक पण्डितले सूचना प्रविधिको



विकाससँगै बजारमा जाली नोट आउने क्रम बढेकाले यसप्रति सजग रहन आग्रह गर्दै सहभागीहरूले उठाएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले राष्ट्र बैंकको सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग पु¥याउन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक पिताम्बर सापकोटाले शंकास्पद नोट पहिचान तथा नियन्त्रणका लागि चाल्नुपर्ने कदमका बारेमा चर्चा गर्दै जाली र सक्कली नोट पहिचानका तरिकाबारे नमूना प्रदर्शन गर्नुभएको थियो ।

कार्यक्रममा पोखरा कार्यालयको कार्यक्षेत्र अन्तर्गत नोटकोष रहेका वाणिज्य बैंक र अन्य बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू सहित करीब ५० जनाको सहभागिता थियो । पोखरा कार्यालयका प्रधान सहायक दलबहादुर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

विकास बैंक सुपरिवेक्षण विभागले AML/CFT कार्यान्वयनका सम्बन्धमा २०७६ असार २६ गते 'ख' वर्गका वित्तीय संस्था (विकास बैंक) का प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो ।

डेपुटी गभर्नर शिबराज श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभागका कार्यकारी निर्देशक भुवन कडेल, निर्देशकद्वय विमलराज खनाल र रामबहादुर मानन्धर, उप-निर्देशक र सहायक निर्देशकहरूसँगै विभिन्न ११ वटा विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो ।

कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक विनय सिग्देलले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०७३ तथा राष्ट्र बैंकबाट जारी इ.प्रा.नं १९/०७५ अन्तर्गत विकास बैंकले पालना गर्नुपर्ने दायित्वका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा वित्तीय संस्थाले आफ्ना ग्राहकको उचित पहिचान गरी त्यसलाई अद्यावधिक गर्नुपर्ने, उच्च पदस्थ व्यक्ति र वास्तविक धनीको पहिचानको लागि संयन्त्रको विकास गर्नुपर्ने, संस्थाले प्रदान गर्ने सेवासम्बन्धी जोखिम विश्लेषण गर्नुपर्ने, ग्राहकका कारोवारको नियमित अनुगमन गर्नुपर्ने, आन्तरिक नियन्त्रण हुनुपर्ने तथा ऐन/नियम र निर्देशन बमोजिमको प्रतिवेदन सम्बन्धित निकायमा २०७६ श्रावण १ देखि विद्युतीय माध्यमबाट पेश गर्नुपर्ने लगायतका विषयवस्तु समेटिएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर शिबराज श्रेष्ठले सन् २०२०/२१ मा Asia Pacific Group on Money Laundering ले नेपालको AML/CFT Compliance का सम्बन्धमा गर्ने पारस्परिक मूल्याङ्कनमा व्यवस्था गरेका कानूनी प्रावधानहरू पालना भए/नभएको सम्वन्धमा चर्चा गर्दै यसको प्रभावकारिता महत्वपूर्ण रहेको बताउनुभयो । साथै AML/CFT Compliance का सम्बन्धमा विकास बैंकहरूले पारस्परिक मूल्याङ्कन तथा स्वःअध्ययन गर्नुपर्ने र Financial Action Task Force ले जारी गरेका ४० वटा मापदण्डमध्ये वित्तीय क्षेत्र अन्तर्गतका संस्थाले पालना गर्नुपर्ने मापदण्डहरू प्रभावकारी रूपमा पालना गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्नो संस्थाले AML/CFT को कार्यान्वयनमा गरेका प्रगतिबारे जानकारी गराउँदै सोको कार्यान्वयनलाई अझ प्रभावकारी तुल्याउने प्रतिवद्धता व्यक्त गरेका थिए । कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेलले विकास बैंकहरूले AML/CFT का सम्बन्धमा जारी भएका ऐन, नियम र निर्देशनको पालना गरी वित्तीय क्षेत्रलाई सुरक्षित राख्दै आगामी पारस्परिक मूल्याङ्कनमा सफल हुन एकजुट भएर अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिनु भएको थियो ।

# तथ्याङ्क संकलनसम्बन्धी गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ असार २ गते नवलपरासीको बर्दघाटमा तथ्याङ्क संकलनसम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो ।




'नेपाल राष्ट्र बैंकबाट संकलन गरिने आर्थिक तथा वित्तीय तथ्याङ्कको महत्व तथा सम्बन्धित निकायको भूमिका' विषयक गोष्ठीमा सरकारी निकाय, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो । सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईको अध्यक्षतामा सम्पन्न गोष्ठीमा उप-निर्देशक विवेक कोइरालाले कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रमको विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो ।

सो अवसरमा निर्देशक भट्टराईले नवलपरासी जिल्लाको समसामयिक आर्थिक तथा बैंकिङ अवस्थाको चर्चा गर्दै बैंकले माग गरे बमोजिमको तथ्याङ्क निर्धारित समयमै उपलब्ध गराइदिन सरोकारवाला निकायका प्रतिनिधिहरूलाई अनुरोध गर्नुभयो ।

कार्यपत्र प्रस्तुत गर्दै उप-निर्देशक कोइरालाले अर्थतन्त्रका विभिन्न क्षेत्रको विश्लेषण गर्न, मौद्रिक नीति तर्जुमा गर्न र आर्थिक तथा वित्तीय विषयमा सरकारलाई सुझाव दिनको निम्ति सरोकारवाला निकायबाट विश्वसनीय र भरपर्दो तथ्याङ्क उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा दिव्यज्योती बहुमुखी क्याम्पस, चिसापानी, नवलपरासीका सह-प्राध्यापक बद्रीनाथ खनालले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो ।

सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले २०७६ असार १९ गते उदयपुरको गाइघाटमा आर्थिक गतिविधि अध्ययन तथा तथ्याङ्क संकलन सम्बन्धी गोष्ठी सम्पन्न गरेको छ । गाइघाट नगरपालिकाकाप्रमुख बलदेव चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न गोष्ठीमा कार्यालयका निर्देशक हिमप्रसाद न्यौपानेले आर्थिक गतिविधि अध्ययन र तथ्याङ्क संकलनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।



सो अवसरमा प्रमुख चौधरीले राष्ट्र बैंकको तथ्याङ्क संकलनसम्बन्धी कार्य प्रशंसायोग्य र विश्वसनीय रहेको चर्चा गर्नुभयो । कार्यक्रममा चौदण्डीगढी नगरपालिकाका प्रमुख खगेन्द्र राई, उदयपुरगढी गाउँपालिकाका अध्यक्ष गजेन्द्र खड्का र कटारी नगरपालिकाका उप-प्रमुख भीमकुमार रावतले तथ्याङ्क संकलनमा स्थानीय निकायले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा उदयपुर सिमेन्ट उद्योगका महाप्रबन्धक नवलकिशोर साह, सिँचाइ डिभिजनका प्रमुख मनोहर रिजाल सहित जिल्लास्थित अन्य सरकारी कार्यालय र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा जनकपुर कार्यालयका निर्देशक न्यौपानेले सहभागीले उठाएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

जनकपुर कार्यालयका प्रधान सहायक गंगेशकुमार झाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७६ असार २० गते डडेल्धुराको अमरगढीमा तथ्याङ्क संकलन सम्बन्धी एक दिने गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रनिनिधिहरूको सहभागिता थियो ।

धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न गोष्ठीमा का.मु. उप-निर्देशक झकेन्द्रबहादुर शाहीले तथ्याङ्क संकलनका विविध पक्षहरूका वारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा तथ्याङ्कका प्रकृति, तथ्याङ्क संकलनमा आउने समस्या, तथ्याङ्कको प्रभावकारिता लगायतका विषयमा छलफल भएको थियो ।

धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले गोष्ठीमा उठेका जिज्ञासाको जवाफ दिँदै राष्ट्र बैंकले सरोकारवाला निकायसँग माग गरेका तथ्याङ्क उचित समयमा उपलब्ध गराइदिन अनुरोध गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक प्रेम चन्द ठकुरीले स्वागत



मन्तव्य राख्नुभएको थियो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ असार २६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागको सभाकक्षमा आयोजित कार्यक्रममा लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले 'संघीय संरचनामा प्रादेशिक योजना' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्र प्रदेश



नं. ५ को प्रथम आवधिक योजनाको सन्दर्भमा केन्द्रित थियो ।

कार्यपत्रमा नेपालमा संघीयताको संरचना, प्रदेशका जिम्मेवारी, योजना निर्माणको प्रक्रिया, चरण, प्रदेश नं. ५ को प्रथम आवधिक योजनाको संक्षिप्त विवरण, दीर्घकालीन सोच, रणनीति, परिमाणात्मक लक्ष्य, प्रादेशिक विकास मोडेल, लगानीको स्रोत र क्षेत्र लगायतका विषयवस्तुहरू समेटिएको थियो । साथै, उहाँले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो । डा. श्रेष्ठ प्रदेश नं. ५ को प्रादेशिक योजना आयोगको पूर्व उपाध्यक्ष हुनुहुन्छ ।

कार्यक्रमका सभापति एवम् गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभयो । कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




यसैगरी, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले २०७६ असार १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयको अनुसन्धान इकाईले संयोजन गरेको उक्त कार्यक्रममा सहायक निर्देशक रमिन श्रेष्ठले "Crisis Management" विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले Crisis Management का विविध पक्षको बारेमा चर्चा गर्नुभएको थियो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले बैंक तथा वित्तीय संस्थामा आउनसक्ने संकटको बारेमा जानकारी दिँदै सहभागीले उठाएका सैद्धान्तिक र व्यवहारिक जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यालयका सहायक भविस्वोर पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# कार्यकारी निर्देशकमा बढुवा

कायममुकायम कार्यकारी निर्देशकहरू राष्ट्र ऋण व्यवस्थापन विभागका सुमनकुमार अधिकारी, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका डा. प्रकाशकुमार श्रेष्ठ र विदेशी विनिमय व्यवस्थापन विभागका सरिता भट्ट (अधिकारी) २०७६ असार ११ गतेदेखि लागू हुनेगरी कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पदमा बढुवा हुनुभएको छ ।

बैंकमा प्रशासन सेवातर्फ २०७६/०२/२५ सम्म रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) को पद संख्या ४ को पदपूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ६५ को उप-विनियम (२) बमोजिम बढुवा भएको जनशक्ति व्यवस्थापन विभागको सूचनामा जनाइएको छ ।

नेपाल राष्ट्र बैंक समाचार वहाँहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

# पूर्व सेवाकालीन तालीम सम्पन्न

नेपाल राष्ट्र बैंकमा २०७६ असार १८ गते नियुक्त भएका प्रशासन, चार्टर्ड एकाउण्टेण्ट र कानून तर्फका ३१ जना सहायक निर्देशक (अधिकृत तृतीय) कर्मचारीहरूको पूर्व सेवाकालीन तालीम असार १९ देखि २५ गतेसम्म काठमाडौंमा आयोजना भयो ।

बैंकर्स प्रशिक्षण केन्द्रद्वारा आयोजित तालीम कार्यक्रमको उद्घाटन का.मु.गभर्नर चिन्तामणि शिवाकोटीले गर्नुभयो । सो अवसरमा का.मु.गभर्नर शिवाकोटीले नवनियुक्त कर्मचारीहरूलाई बधाई ज्ञापन गर्दै इमान्दार र लगनशील भई जिम्मेवारी पुरा गर्न निर्देशन दिनुभयो ।

सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारीले तालीम कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नुभयो भने प्रशिक्षण केन्द्रका निर्देशक पोमनाथ गौतमले पूर्व सेवाकालीन तालीमको महत्व र उद्देश्यमाथि प्रकाश पार्नुभयो ।



यसैगरी, डेपुटी गभर्नर शिबराज श्रेष्ठको प्रमुख आतिथ्यतामा असार २५ गते उक्त तालीम समापन भयो । सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले नव नियुक्त कर्मचारीलाई बधाई दिँदै आफ्नो पदस्थापन भएको विभाग/कार्यालयमा मिहिनेत र इमान्दारीकासाथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । समापन समारोहमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक पिताम्बर भण्डारी, निर्देशकद्वय तुलसीप्रसाद घिमिरे र गुरूप्रसाद पौडेल तथा केन्द्रका निर्देशक पोमनाथ गौतम समेत उपस्थित हुनुहुन्थ्यो । पूर्व सेवाकालीन तालीम कार्यक्रमको संयोजन तथा सञ्चालन केन्द्रका सहायक निर्देशक नरेशकुमार अधिकारीले गर्नुभएको थियो ।

# कायम मुकायम मुकर्रर

जनशक्ति व्यवस्थापन विभागले विभिन्न विभागमा कार्यरत उप-निर्देशक (अधिकृत द्वितीय) पदका छ जना अधिकृतहरूलाई निर्देशक (अधिकृत प्रथम) पदमा कायम मुकायम मुकर्रर गरेको छ ।

उहाँहरूलाई २०७६ असार ८ देखि लागू हुनेगरी कायम मुकायम मुकर्रर गरी विभिन्न विभागमा पदस्थापन समेत गरिएको छ । जनशक्ति व्यवस्थापन विभागका अनुसार, वित्त व्यवस्थापन विभागका राजनदेव भट्टराई सोही विभाग, बैंक सुपरिवेक्षण विभागका लक्ष्मीप्रसाद प्रसाई संस्थागत योजना विभाग, संस्थागत योजना विभागका आर्या जोशी सोही विभाग, संस्थागत योजना विभागका ईश्वरीप्रसाद भट्टराई अनुसन्धान विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका रमेश आचार्य सोही विभाग र अनुसन्धान विभागका माधव दंगाल सोही विभागमा पदस्थापन हुनुभएको छ ।

# बैदेशिक तालीम कार्यक्रममा सहभागिता

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला Giescke & Devrient ले जर्मनीमा २०१९ जुलाई १५-२० मा आयोजना गरेको Currency Technology Symposium विषयक कार्यक्रममा सहभागी हुनुभयो । टक्सार महाशाखाका का.मु. निर्देशक थानेश्वर आचार्य समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ SEACEN द्वारा भियतनाममा २०१९ जुन २६-२७ मा आयोजित 21st SEACEN-FSI Conference & 32nd Meeting of SEACEN Members विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल SEACEN ले भारतमा २०१९ जुलाई ७-१२ मा आयोजना गरेको SEACEN_CPMI Course on Technology & Emerging Risks in Payment & Settlement विषयक कार्यक्रममा सहभागी हुनुभयो । सोही विभागका सहायक निर्देशक कीर्तिविक्रम दाहाल र धनगढी कार्यालयका सहायक निर्देशक (अ.मा.) खडकबहादुर चौधरी समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम तिम्सिना National Bank of Ukraine ले युक्रेनमा २०१९ जुन २०-२१ मा आयोजना गरेको Rountable on Strategic Planning in Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । संस्थागत योजना विभागका सहायक निर्देशक अनाडायर सुवेदी पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक सरिता भट्ट SAARC Finance द्वारा २०१९ जुलाई १३-१६ मा भुटानमा आयोजित 38th SAARCFINANCE Group Meeting, 48th ACU BOD & Standing Technical Committee Meeting विषयक कार्यक्रममा सहभागी हुनुभयो । सोही विभागका उप-निर्देशक वासुदेव भट्टराई समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु. कार्यकारी निर्देशक बमबहादुर मिश्र European Central Bank द्वारा २०१९ जुलाई १-५ मा जर्मनीमा अयोजित 13th ECB Central Banking Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकार समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, अनुसन्धान विभागका निर्देशक दीर्घबहादुर रावल SEACEN ले २०१९ जुलाई ४-५ मा इण्डोनेशियामा आयोजना गरेको 42nd Meeting of SEACEN Directors & High Level Seminar of Directors विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका निर्देशक दिपकराज लामिछाने International Monetary Fund (IMF) द्वारा २०१९ जुलाई ८-१९ मा अमेरिकामा आयोजित Managing Capital Flows: Macroeconomic analysis and Policies विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका निर्देशक सृजना बास्तोला ISCB ले २०१९ जुलाई ८-११ मा टर्कीमा आयोजना गरेको Central Bank Policy Mix: Issues, Chalenges & Policy Mix, Issues, Challenges & Policy Response विषयक कार्यक्रममा सहभागी हुनुभयो । मुद्रा व्यवस्थापन विभागका का.मु. निर्देशक नीरा ताल्चाभडेल Oberthur Fiduciare द्वारा २०१९ जुलाई १५-१९ मा फ्रान्समा आयोजित Banknote Managers Cheques विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकिङ कार्यालयका उप-निर्देशक रचना पराजुली पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक शिखा अधिकारी IMF-STI ले २०१९ जुलाई १-१२ मा सिंगापुरमा आयोजना गरेको Fiscal Analysis and Forecasting विषयक कार्यक्रममा सहभागी हुनुभयो । सूचना प्रविधि विभागका उप-निर्देशक (सू.प्र.) अनिल प्रधान Deutche Bundesbank द्वारा २०१९ जुलाई ११-१३ मा जर्मनीमा आयोजित IT Service Continuity विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उप-निर्देशक बिन्ती श्रेष्ठ SEACEN ले २०१९ जुलाई ८-१२ मा इण्डोनेशियामा आयोजना गरेको Analysis & Medeling of Macro-Financial Linkages विषयक कार्यक्रममा सहभागी हुनुभयो । वीरगञ्ज कार्यालयका सहायक निर्देशक चाँदनी गुप्ता र अनुसन्धान विभागका सहायक निर्देशक रामप्रसाद न्यौपाने समेत सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी, अनुसन्धान विभागका सहायक निर्देशक गणेशप्रसाद गौतम २०१९ जुन २५-२६ मा स्विट्जरल्याण्डमा आयोजित Implementing the sustainable Development Goals: Role for social & Solidarity economy विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनकपुर कार्यालयका सहायक निर्देशक रामविलास महतो र धनगढी कार्यालयका सहायक निर्देशक यमबहादुर शाह Bank of Korea ले २०१९ जुन २४-२८ मा कोरियामा आयोजना गरेको Monetary Policy: Theory & Practice विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका सहायक निर्देशक अच्यूतकुमार थापा र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक विशाल सर्राफ Alliance for Financial Inclusion (AFI) ले २०१९ जुन १-५ मा मलेशियामा आयोजना गरेको Platform Economy & its Promise for Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशक बेगराज पौडेल र आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक नवराज फुयाल Asia-Pacific Economic Cooperation (APEC) ले २०१९ जुलाई ८-११ मा बंगलादेशमा आयोजना गरेको Financial Regulators Training Initiative-Regional Seminar on Financial Literacy & Investor Protection विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## पदस्थापन

जनशक्ति व्यवस्थापन विभागले प्रशासन सेवातर्फ सहायक निर्देशक (अधिकृत तृतीय) पदमा खुला प्रतियोगितात्मक परीक्षामा सफल भई २०७६ असार १८ देखि नियुक्त भएका ३० जना कर्मचारीको पदस्थापन गरेको छ ।

२०७६ असार २३ को निर्णयानुसार, प्रभाकर झा अनुसन्धान विभाग, निरज घिमिरे अनुसन्धान विभाग, निमिषा कुँवर नेपालगञ्ज कार्यालय, विनोद बजगाई भुक्तानी प्रणाली विभाग, ओमप्रकाश पोखेल सामान्य सेवा विभाग, प्रविन पुडासाइनी विराटनगर कार्यालय, अमिष शर्मा वीरगञ्ज कार्यालय, अस्मिता महत भुक्तानी प्रणाली विभाग, निकिता कायष्ठ बैंक सुपरिवेक्षण विभाग, देवकी चौलागाई जनशक्ति व्यवस्थापन विभाग, अनिल सिवाकोटी जनकपुर कार्यालय, प्रदिप बानियाँ वीरगञ्ज कार्यालय, शिशिरा अधिकारी जनशक्ति व्यवस्थापन विभाग (कामकाज: वित्तीय जानकारी इकाई), मामराज पथिक धोवी सिद्धार्थनगर कार्यालय र अनुकुमारी शाह जनशक्ति व्यवस्थापन विभाग (कामकाज: लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग) मा पदस्थापन हुनुभएको छ ।

यसैगरी, प्रमिला रंजितकार बैंकिङ कार्यालय, कृति थापा मगर बैंकिङ कार्यालय, रेणु सुवाल नेपालगञ्ज कार्यालय, सन्तोष वस्ती बैंकिङ कार्यालय, अपिल सुवेदी वित्त कम्पनी सुपरिवेक्षण विभाग, सरिता दुवाल मुद्रा व्यवस्थापन विभाग, रमेश अर्याल वित्त व्यवस्थापन विभाग, राजन सुवेदी आन्तरिक लेखापरीक्षण विभाग, कविता चौधरी आन्तरिक लेखापरीक्षण विभाग, विवेक दाहाल आन्तरिक लेखापरीक्षण विभाग, अनिता अधिकारी वित्त व्यवस्थापन विभाग, विवेक आनन्द रौनियार सामान्य सेवा विभाग, सफल श्रेष्ठ बैंकिङ कार्यालय, रामेश्वर भण्डारी कानून महाशाखा र स्वेच्छा घिमिरे जनशक्ति व्यवस्थापन विभाग (कामकाज: वित्तीय जानकारी इकाई) मा पदस्थापन हुनुभएको छ ।

## सरुवा

जनशक्ति व्यवस्थापन विभागले २०७६ असार २३ गते सहायक निर्देशक (अधिकृत तृतीय) पदका २३ जना कर्मचारीको सरुवा गरेको छ ।

विभागका अनुसार, बैंकिङ कार्यालयका विष्णुकुमार विश्वकर्मा राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंक सुपरिवेक्षण विभागका कमलबहादुर तामाङ वित्त कम्पनी सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभागका राजेश घिमिरे विदेशी विनिमय व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभागका राजनप्रसाद रेग्मी अनुसन्धान विभाग, बैंकिङ कार्यालयका बुद्धिकृष्ण डंगोल वित्त कम्पनी सुपरिवेक्षण विभाग, राष्ट्र ऋण व्यवस्थापन विभागका हरिगोविन्द महर्जन बैंकर्स प्रशिक्षण केन्द्र, जनशक्ति व्यवस्थापन विभागका धनबहादुर श्रेष्ठ विदेशी विनिमय व्यवस्थापन विभाग र बैंक तथा वित्तीय संस्था नियमन विभागका जगदीश कुमार आन्तरिक लेखापरीक्षण विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, अनुसन्धान विभागका सुन्दर खड्का मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा), राष्ट्र ऋण व्यवस्थापन विभागका विष्णुकुमारी खड्का वित्त व्यवस्थापन विभाग, विदेशी विनिमय व्यवस्थापन विभागका अशोककुमार सुनुवार सामान्य सेवा विभाग, राष्ट्र ऋण व्यवस्थापन विभागका मञ्जु पौडेल बैंक तथा वित्तीय संस्था नियमन विभाग, वित्त व्यवस्थापन विभागका रागनी सिंह विदेशी विनिमय व्यवस्थापन विभाग, सामान्य सेवा विभागका सजन ढकाल बैंक सुपरिवेक्षण विभाग, आन्तरिक लेखापरीक्षण विभागका पुष्पचन्द्र खनाल बैंक सुपरिवेक्षण विभाग र मुद्रा व्यवस्थापन विभागका अभियान उपाध्याय बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ ।

यस्तै, बैंकिङ कार्यालयका आकृति के.सी. बैंक सुपरिवेक्षण विभाग, जनकपुर कार्यालयका ज्ञानेन्द्र सुवाल जनशक्ति व्यवस्थापन विभाग, वीरगञ्ज कार्यालयका अनिल लामा अनुसन्धान विभाग, सिद्धार्थनगर कार्यालयका रमिन श्रेष्ठ बैंक सुपरिवेक्षण विभाग, वीरगञ्ज कार्यालयका भाष्करमान श्रेष्ठ लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, नेपालगञ्ज कार्यालयका विद्यामान महतारा र सुमन बलामी क्रमशः बैंकिङ कार्यालय र संस्थागत योजना विभाग तथा बैंकिङ कार्यालयका भोलाराम खड्का आन्तरिक लेखापरीक्षण विभागमा सरुवा हुनुभएको छ ।

## अनिवार्य अवकाश

कार्यालय सहयोगी प्रथमद्वय बैंकिङ कार्यालयका बालकुमार कार्की २०७६ असार ८ र मुद्रा व्यवस्थापन विभागका पूर्णबहादुर महर्जनले २०७६ असार १८ गतेदेखि बैंकको सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ । दुबै जनाले ५८ वर्ष उमेर हदका कारण अवकाश पाउनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

### गभर्नर डा. ....

बावजुद बजारमा देखिने समस्याहरू र नयाँ प्रविधिको प्रयोगबाट कारोबारमा आउन सक्ने सहजता एवम् लागतमा हुनसक्ने कटौती र सहभागी निकायले खेल्नुपर्ने भूमिका लगायतका विषयमा समेत छलफल भएको थियो ।

बैठकमा बैंकिङ कारोबारमा संलग्न संस्थाले सम्पादन गरिरहेका कार्यलाई थप प्रभावकारी तुल्याइ मुलुकमा वित्तीय स्थायित्व कायम गर्न र वित्तीय पहुँच बढाउनका लागि आवश्यक नीतिगत व्यवस्था, प्रविधिको प्रयोग र प्रविधिको भूमिकाका बारेमा विस्तृत चर्चा गरिएको थियो । मुख्यतया: प्राविधिक रूपमा विकसित मुलुकका केन्द्रीय बैंक तथा नियामक निकायलाई केन्द्रबिन्दुमा राखी वार्ता प्रस्तुत गरिएको थियो । वार्ताको प्रस्तुती एवम् छलफलको क्रममा यस क्षेत्रका विज्ञ तथा सहभागीहरू समेतलाई नवीनतम प्रविधिको प्रयोग, सुरक्षा, प्रयोगमा आउन सक्ने जटिलता र आवश्यक कानूनी व्यवस्थाका बारेमा जानकारी गराइएको थियो ।

बैठकका दौरान गभर्नर डा. नेपालले BIS का पदाधिकारी र BIS, Hong Kong का बैंक सुपरिवेक्षणका समूहहरूसँग भेट गर्नुभएको थियो । भेटका अवसरमा सहभागी केन्द्रीय बैंकका गभर्नरहरूसँग आपसी सहयोग र द्विपक्षीय हितका विषयमा समेत छलफल भएको थियो ।

बैठकमा सहभागी भई गभर्नर डा. नेपाल २०७६ असार २१ गते स्वदेश फर्कनुभयो । कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपाल र गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला समेत उक्त बैठकमा सहभागी हुनुभएको थियो ।

# 'व्यवस्थापन गोष्ठी, २०७६' सम्पन्न




नेपाल राष्ट्र बैंकको 'व्यवस्थापन गोष्ठी, २०७६' असार ६ र ७ गते काठमाडौंमा सम्पन्न भएको छ । संस्थागत योजना विभागद्वारा आयोजित उक्त गोष्ठीको उद्घाटन असार ६ गते गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभएको थियो ।

गोष्ठी उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले बैंकको रणनीतिक योजनाका उद्देश्य कार्यान्वयनमा सहयोग पुग्नेगरी वार्षिक योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । योजनाको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न विभाग/कार्यालयबीच समन्वय हुनुपर्नेमा उहाँको जोड थियो । बैंकिङ क्षेत्रमा प्रविधिको महत्व बढ्दै गएको उल्लेख गर्दै गभर्नर डा.नेपालले राष्ट्र बैंकका योजनामा समेत प्रविधिलाई उच्च प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठसँगै सम्पूर्ण विभाग तथा कार्यालयका प्रमुखहरू समेत उपस्थित उक्त कार्यक्रममा संस्थागत योजना विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले आ.व.२०७५/७६ को तेस्रो त्रयमाससम्मको बजेट र कार्ययोजनाको संक्षिप्त समीक्षा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थागत योजना विभागका उप-निर्देशक ईश्वरीप्रसाद भट्टराईले स्वागत मन्तव्य राख्नुभएको थियो ।

उद्घाटन सत्रपश्चात् सोही दिन डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको अध्यक्षतामा गोष्ठीको पहिलो व्यावसायिक सत्र सम्पन्न भयो । डेपुटी गभर्नर शिवराज श्रेष्ठ अतिथि रहनुभएको उक्त सत्रमा मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा समेत), आन्तरिक लेखापरीक्षण विभाग, भुक्तानी प्रणाली विभाग, सामान्य सेवा विभाग, जनशक्ति व्यवस्थापन विभाग (बैंकर्स प्रशिक्षण केन्द्र समेत), बैकिङ कार्यालय, राष्ट्र ऋण व्यवस्थापन विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, कानून महाशाखा, वित्तीय जानकारी ईकाइका प्रमुखहरूले विभागीय प्रस्तुती प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीको दोस्रो व्यावसायिक सत्र असार ७ गते डेपुटी गभर्नर शिवाकोटीको आतिथ्यता तथा डेपुटी गभर्नर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । उक्त सत्रमा बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, गभर्नरको कार्यालय, वित्त व्यवस्थापन विभाग, संस्थागत योजना विभाग, अनुसन्धान विभाग, सूचना प्रविधि विभाग, विराटनगर कार्यालय, पोखरा कार्यालय, धनगढी कार्यालय, वीरगञ्ज कार्यालय, सिद्धार्थनगर कार्यालय, जनकपुर कार्यालय, नेपालगञ्ज कार्यालयका प्रमुखहरूले विभागीय प्रस्तुती प्रस्तुत गर्नुभएको थियो ।

विभागीय प्रस्तुतिका क्रममा कार्यालय प्रमुखहरूले आ-आफ्नो कार्यालयको वस्तुस्थिति, कार्यसम्पादन स्थिति, कार्य विश्लेषण, प्रगति विवरण तथा समस्या र भोग्नु परेका कठिनाईका बारेमा प्रकाश पार्नुभएको थियो । गोष्ठीमा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देलले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो । गोष्ठीमा तीन वटै कर्मचारी संघ/संगठनका प्रतिनिधिहरूले समेत आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## डेपुटी गभर्नर श्रेष्ठ मलेसियामा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ SEACEN ले २०१९ जुलाई १७-१८ मा मलेशियामा आयोजना गरेको SEACEN High Level Seminar and Meeting for Deputy Governors विषयक कार्यक्रममा सहभागी हुनुभयो । विकास बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक राकेश प्रजापति समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

**सम्पादक**
सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**
विष्णु दत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८